


# सिमान्तकृत मानिसहरुको सशक्तीकरणमा
# सामाजिक परिवार

| अंक - १८ | चैत २०६७ | पेज १ |
|---|---|---|

समग्र बुलेटिन


## आयमूलक कामका लागि लगानी :

तसर्पु गाविस वडा नं. ७ र ९ मा समग्र तथा गरिबी निवारण कोषको साझेदारीमा सञ्चालित कार्यक्रम अन्तर्गत ६४ घरधुरीका ६० महिला र ४ पुरुष गरी ६४ जनाले विभिन्न आयमूलक कार्यका लागि लगानी रकम परिचालन गरेका छन् ।



श्रमजीवी सामाजिक परिवारकी अध्यक्ष नानीमाया तामाङले श्रमजीवी सापका ३४ सदस्यमध्ये २१ जनाले विभिन्न कार्यका लागि २ लाख ४३ हजार २ सय ८ रुपियाँ लगानी रकम प्राप्त गरेको बताइन् । यसमध्ये बाख्रापालनतर्फ ७ घरले ८० हजार ५ सय रुपियाँ, पाडापाडी पालनतर्फ ४ जनाले १ लाख रुपियाँ, अदुवाखेतीतर्फ १० जनाले ६२ हजार ७ सय ८ रुपियाँ प्राप्त गर्नुका साथै माथि उल्लिखित कामहरू शुरू गरिसकेको जानकारी गराउँदै हाम्रो गाउँको गरिबी घटाउनमा यो कार्यक्रम ठूलो आधार हुन सक्ने बताइन्। यस्तै मखमली सापकी अध्यक्ष दिलमाया तामाङ भन्छिन्, 'अहिले त हामीले हाम्रै सापका नाममा राष्ट्रिय वाणिज्य बैंक खानीखोलामा खाता सञ्चालन गरेका छौं। सो खाता तीन जनामध्ये दुई जनाको दस्तखतबाट रकम झिक्ने व्यवस्था गरेका छौं । समग्रको सहयोगमा हाम्रो खातामा गरिबी निवारण कोषमार्फत प्राप्त १ लाख ३७ हजार ७ सय रुपियाँ पहिलो किस्ताबापत प्राप्त गऱ्यौं । हामी आफैंले १५ हजार ५ सय रुपियाँ जम्मा गरेका छौं ।'

आयमूलक कामका लागि प्राप्त रकममध्ये बाख्रापालनतर्फ ४ जनाले ७० हजार र अदुवाखेतीतर्फ १३ जनाका लागि ८३ हजार २ सय रुपियाँ लगानी गऱ्यौं । हाम्रो सापमा ३९ घरसदस्य छौं । बाँकी लक्षित सदस्यहरूलाई दोस्रो किस्ताबाट प्राप्त हुने रकम लगानी गर्ने सोच बनाएका छौं । कार्य गर्दै जाऊँ कतिको राम्रो उन्नति गर्न सकिन्छ । यसलाई सफल पारेर आत्मनिर्भर हुने हाम्रो पनि कर्तव्य हो ।

वडा नं ७ जुरेथुममा गठन भएको पालुवा सापकी अध्यक्ष कल्पना तामाङ भन्छिन्, 'हामी महिलाहरूका लागि समग्र र कोष अभिभावकका रूपमा आई हाम्रो गरिबी र हाम्रा दुःखका साथी बन्नुभएको छ । त्यसमाथि पनि हामी महिलाहरूलाई विश्वास गरेर यति ठूलो रकम लगानी गर्नुभएको छ, यसलाई दुरुपयोग हुन नदिन हामी सचेत छौं । हाम्रा दिदीबहिनीहरूलाई माथि उठाउन खोज्नुभएकोमा खुसी लागेको छ । यसबाट हाम्रो आयआर्जन राम्रोसँग अगाडि बढ्ने कुरामा विश्वास लिएकी छु', उनले थपिन्, 'अदुवाखेतीका लागि २० जनाले १ लाख ४६ हजार ८ सय, बाख्रापालनतर्फ ५ जनाका लागि ५० हजार, १ जनाका लागि खुद्रा पसल थाप्न २० हजार रुपियाँ लगानीमा गएको छ । कोषको तर्फबाट प्राप्त भएको १ लाख ९५ हजार ३ सय रुपियाँ सापको रकम २१ हजार ५ सय गरी २ लाख १६ हजार ८ सय रुपियाँ लगानी गरिसकेका छौं । उद्देश्यअनुसार सबैले आ-आफ्ना काम थालेका छौं' भन्दै उज्यालो मुख पारिन् ।



यति धेरै रकम कसरी व्यवस्थित गर्नुभयो त ? भन्ने जिज्ञासामा त्यस सापका सदस्यहरू थप्छन्, 'समग्रले हामीलाई क्षमता विकासलगायत कृषि तथा पशुपालन तालिम दिएको छ ।'
कृषितर्फ कृषि प्राविधिक रेशमराज लामिछाने र पशुपालनतर्फ पशुसेवा प्राविधिक होमबहादुर तामाङले तालिम दिनुभई नबुझेका धेरै कुरा सिकाउनुभयो भन्ने जानकारी दिए ।
समग्रका लोकेस राई भन्छन्, 'सापका महिलाहरूकोजिज्ञासा र लगन देख्दा यो कार्यक्रमको उद्देश्यअनुसार अगाडि बढाउन सारै सजिलो होला भन्ने मैले विश्वास लिएको छ, यसरी विपन्न परिवारलाई स्वावलम्बी बनाउने काममा संलग्न हुन पाएकोमा खुसी लागेको जानकारी दिए । चैत २८ गतेको तालिममा गरिबी निवारण कोषका अधिकृत ओमप्रसाद पौडेल उपस्थित भई तालिममा सहभागीहरूको हौसला बढाउँदै भन्नुभयो, 'तसर्पु गाविसलाई नमुनाको रूपमा अगाडि बढाउन कोषका तर्फबाट सक्दो सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछौं ।'

## व हमर नेता जी !

अदिकलाल राम दक्षिण सिराहाको सीतापुर-१, सालोखैर टोलमा बस्छन् । ४७ वर्षीय यी अधबैंसे हाल यो भेगका प्रेरणा र अगुवा बनेका छन् । उनकी श्रीमती, दुई छोरा, एक छोरी र लाटो भाइसहित ६ जनाको परिवार छ ।



पैतृक पेसा नै विवाहलगायतका कार्यमा बाजा बजाउने भएकाले उनी विवाहहरूमा कर्नाल राम्रो बजाउँछन् । सधैं बाजा बजाउने काम नपाइने र आफ्नो खेतीको उत्पादनले छ महिनासम्म मात्र जेनतेन गुजारा चल्ने भएकाले बाँकी समय मजदुरी गर्ने गर्छन् । उनकी श्रीमती स्वास्थ्य स्वयम्सेविका भएर वरपरका गाउँघरमा सुत्केरी गराउन सघाउनेलगायतका प्राथमिक उपचार सेवाको काम गर्छिन् । सामाजिक परिवारमा बस्नुअगाडिको कुरा गर्ने हो भने उनी रक्सी, ताडी, चुरोट र सुर्तीका राम्रा र नियमित अम्मली हुन् । उनले धेरै पिउँदा परिवारदेखि वरपरका मानिसहरू सारै दुःखी थए । २०६२ पुस ९ गते गाउँमा एउटा छलफल चल्यो। सामाजिक परिवार बनाउने सम्बन्धमा उनी एक छेउमा बसेर अमल तान्दै सुनिरहे । कता-कता कुरा घत लागेछ, कस्सिए आफ्नो गाउँमा पनि सामाजिक परिवार बनाउनका लागि । अनि, सालोखैर टोलका १७ घर मिलेर 'मिलन सामाजिक परिवार सालोखैर' नाम राखे र केही नियम पनि बनाए । रक्सी, चुरोट र सुर्ती छाड्ने अनि छुवाछुतलगायत मानवअधिकार हननको विरोध गर्ने, एक-आपसको भेदभाव अन्त्य गर्ने, गाउँको उन्नति-प्रगतिका लागि एकजुट हुने । स्रोतसाधन खोजेर सामाजिक परिवारका सदस्यहरू आत्मनिर्भर, स्वावलम्बी र आत्मसम्मानित हुने । मिलन सामाजिक परिवारको नयाँ बाँधिएको थितिले सबभन्दा मर्का पार्‍यो अध्यक्षमा छानिएका अदिकलाललाई । पछि हटेनन्, कोसिस गर्नेतर्फ लागे ।
उनी द्वन्द्व व्यवस्थापन, मानवअधिकारको उल्लङ्घनविरुद्धमा दिइने तालिम, गोष्ठी र सभासम्मेलन आदिमा भाग लिए । यस्ता कुरा सिक्न अरूलाई पनि मौका दिए । अरूका कुरा सुन्ने र मान्छे जम्मा भएका ठाउँमा जाने गर्न थाले । लेखपढ गर्नसमेत मुस्किलले सिकेर आफ्नो नामसम्म लेख्न सक्ने भए । अदिकलालको कामबारे थाहा पाउँदा आज-भोलि सबैलाई छक्क लाग्छ ।
कसरी स्रोत ल्याउनुहुन्छ ? भन्ने जिज्ञासामा उनी फिस्स हाँस्छन् र आफ्नै मातृभाषा मैथिलीमा भन्न थाल्छन्, 'जब हाम्रो सामाजिक परिवारले स्रोत खोज्ने भनेर निर्णय गर्छ, त्यसपछि म लाग्छु स्रोत खोज्ने निवेदनहरू लेखाउन । निवेदन लेखाइसकेपछि सिराहा सदरमुकाममा रहेका कार्यालयहरूमा पुग्छु, जिल्ला विकास समिति, भू-संरक्षण शाखा, कृषि विकास शाखा, जिल्ला प्रशासन कार्यालय, अरू गैरसरकारी कार्यालयहरूमा पस्छु । सम्बन्धित ठाउँमा मागहरू पेस

गर्छु । जबसम्म काम बन्दैन तबसम्म म थाक्दिनँ, लागिरहन्छु । एउटा गै.स.स.मा पहिलो काम टुङ्ग्याउन १७ पटकसम्म पुगेको सुनाउने उनले आफ्नो समुदायमा कति स्रोत पारे त ? उनले ल्याएको स्रोतको गाँठो फुकाउँदै भने, 'आरआरएनबाट २२ वटा ढिकीकल, ७ वटा हातेकाल, ४५ वटा बाख्रा ल्याएर प्रत्येक घरलाई बाँडें । हातेकल पानीको समस्या हुने घरहरूका नजिक गाड्न लगाएँ । सबभन्दा बढी मायाँ उनको गाउँलाई भू-संरक्षण कार्यालयबाट पाएछन् । उनले थपे, 'नदी नियन्त्रणका लागि ३ सयवटा बाँसका बिरुवा, १ हजार १ सयवटा आँपका बिरुवा, आठ क्विन्टल अदुवा-बेसारको बीउ, १६ थान तार-जाली र ८ ट्र्याक्टर ढुङ्गा ल्याएर जाली भर्ने काम गराएँ । जिल्ला वन कार्यालयबाट सफेदखैर, कदम, शिशिरलगायतका ६ हजार बिरुवा ल्याएर नदीकटान हुने सम्भावित क्षेत्रमा रोपेँ', उनी अगाडि भन्छन्, 'थाहा पाउनुभयो होला नि ? बाढीले हाम्रो गाउँमा २५ घरलाई क्षति पुऱ्याएको र तीमध्ये १८ घरमा त निकै क्षति पुग्यो । ती मान्छेलाई त्यस बेला जीवन धान्न अप्ठ्यारो थियो । जिल्ला प्रशासन कार्यालयमा प्रयास गरेर राहतस्वरूप १८ घरलाई ७ सयका दरले १२ हजार ६ सय रुपियाँ एकमुष्ट ल्याएर वितरण गरियो । जिल्ला कृषि विकास शाखाबाट ५० किलो झुमनी धानको बीउ ल्याएर उन्नत खेती गरियो । धान राम्रोसँग सप्रियो, बढी उत्पादन भयो । तरकारी खेतीका लागि भिन्डी, काँक्रा, करेलालगायतका बीउहरू ल्याएर प्रत्येक घरलाई १ सय ग्रामका दरले १९ जनालाई बाँडें । तरकारी खेती गरेका छौं । प्याज खेती राम्रो हुन्छ, यसबाट फाइदा लिन थालेका छन् किनकि ढिकीपम्पबाट डेढदेखि दुई कट्ठासम्म राम्रोसँग सिँचाइ गर्न सकिन्छ ।' यस्ता धेरै उपलब्धिका विवरण उनी दिन्छन्, सुन्दा पत्याउनसमेत गाह्रो पर्ने तर उनको समुदायका मानिसहरू सही थाप्छन्, 'हँमा हँ मिलाउँछन्, साँचो हो' भनेर । हालसम्म कतिसम्मको स्रोत ल्याउनुभयो त त्यो थाहा छ ? भन्दा एकै छिन्पछि उनी भन्छन्, '११ लाख १ हजार ८ सय २५ रुपियाँ', अरू कामहरूका बारेमा बुझ्दा उनी सुनाउँछन्, 'हाम्रो आफ्नै कोष छ, मानवअधिकारका बारेमा जानकारी पाएका छौं, तालिम लिएका छौं । तालिम पाएका महिलाहरूले गाउँका अरू महिलाहरूलाई पनि जगाएका छन् ।' यसै क्रममा क्रमशः घुम्टो उघार्न थालेको देख्दा खुसी लाग्छ । गाउँघरमा जहानबच्चा कुट्ने, झै-झगडा गर्ने, फोगटियामा दारु खाएर झगडा गर्नेहरू घट्दै गएका छन् ।

मैले पनि सिगरेट, सुर्ती छाडें, दारु आकल-झुकल खाए पनि अरू बेला खान छाडें, उनी निष्पक्ष कुरा गर्छन्, ढाँटदैनन् । आफ्नोबारे थप्छन्, 'पहिला हेरी त नयाँ जिन्दगी पाएँ ।' माथिका कुरा बताउँदै जाँदा उनको मुखमा चमक देखियो, आँखा चम्किला र तेजिला हुँदै रसाएर आए । यो खुसीको चेहरा हो, त्यसैको दुई थोपा पानी ! उनले मुन्टो अन्तै फर्काए, त्यहाँ खुसी देखिन्थ्यो । वरिपरि बसेर सुन्नेहरूमा समग्रका उत्प्रेरक चन्द्रदेव राम भन्छन्, क्रमश.............

## साधारणसभा सम्पन्न:

धादिङ जिल्लाको कुम्पुर गाविसमा सञ्चालन भइरहेका सामाजिक परिवारहरूमध्ये अकला, बाघबच्छला, महाकाली तथा भूमेस्थान सामाजिक परिवारहरूले वार्षिक साधारणसभा सम्पन्न गरेका छन् । साधारणसभाले वार्षिक कार्यक्रमको समीक्षा, भावी कार्यक्रमको तर्जुमा गर्नुका साथै ती सामाजिक परिवारहरूको क्रमशः बेली मगर, भवानी थपलिया, रुद्रकुमारी श्रेष्ठ र शुकमाया विश्वकर्माको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेका छन् ।



## लैंगिक विभेदसम्बन्धी तालिम :

सहयात्री समाजको आयोजना र रिम्स नेपालको नेतृत्व तथा सुशासन परियोजनाको आर्थिक सहयोगमा कुम्पुर गाविस वडानं. ४ अकला सापको सामुदायिक भवनमा यही चैत ८, ९ र १० गते तीनदिने लैंगिक विभेदसम्बन्धी तालिम सञ्चालन भयो । उक्त तालिममा अकला, वराहदेवी, देवीस्थान, भूमेस्थान, महाकाली र

बाघबच्छला सापका ४० जना महिलाहरूको सहभागिता रहेको थियो । तालिममा सहभागीहरूको उत्साह र जिज्ञासा देख्दा आयोजकहरू खुसी थिए ।

## ४६औं अन्तर्राष्ट्रिय विभेद उन्मूलन दिवस :

धादिङमा क्रियाशील सरकारी एवम् गैरसरकारी संघसंस्थाहरू मिलेर चैत ७ (मार्च २१) मा समानता सहअस्तित्वको व्यवहार संघीय लोकतान्त्रिक गणतन्त्रको आधार भन्ने मूल नारा सहित ऱ्याली निकालियो । ऱ्यालीले नगर परिक्रमा गरी रेडक्रसको सभाकक्षमा दलितको क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान र अन्तरक्रिया गरेर कार्यक्रम समापन गरियो ।




## अधिकार



रूद्रनाथ कोइराला
धादिंग जिल्ला संयोजक

दिदी-बहिनी दाजु-भाइ एकै ठाउँमा बसौं ।
मानवको अधिकारका लागि कम्मर कसौं ॥
जन्म, मृत्यु, विवाह र बसाइँ-सराइ ।
नभुली दिऊँ दर्ता गरौं गाविसमा गई ॥

नागरिकता बनाइदिऊँ द्वन्द्वपीडित असहायलाई
खोजी-खोजी सहयोग गरौं पछि परेकालाई ॥
राज्यद्वारा दिइएको सेवा-सुविधामा ।
पहुँच विस्तार गरिदिऊँ हरेक सवालमा ॥

सामाजमा छरिएका विपन्नलाई खोजौं ।
मानव हक-अधिकारको बाटोतर्फ रोजौं ॥
गाउँभरि विकासमुखी कार्यक्रम आउँछन् ।
विपन्न र शोषित-पीडितले कहाँ विकास पाउँछन् ॥

अबदेखि सबै मिलौं अधिकारमा लागौं ।
सुशासन र प्रजातान्त्रिक अभ्यासमा लडौं ॥
दश वर्ष द्वन्द्व चल्यो अधिकारका लागि ।
कति गए परलोक कति भयो क्षति ॥

सकेसम्म खोजी गरौं आवाजविहीनको शक्ति ।
दाजुभाइ, दिदीबहिनी यही हुन्छ भक्ति ॥
उठौं अब सबै मिलौं अधिकारका लागि ।
सानो-ठूलो भन्ने भेदभाव सबै हामीले त्यागी ।

## फागुनमा सम्पन्न क्रियाकलापहरूको विवरण

| क्रियाकलाप | | सहभागी संख्या | | |
|---|---|---|---|---|
| विवरण | संख्या | महिला | पुरुष | जम्मा |
| स्थानीय तहमा मानवअधिकारको अनुगमन | ३५ | ७१६ | १७९ | ८९५ |
| जातीय विभेद र मानवअधिकार उल्लङ्घनविरुद्ध जनचेतना अभियान | २७ | ९६३ | ३७२ | १३३५ |
| कार्यक्रम सञ्चालनपूर्व अध्ययन | १ | १० | ३ | १३ |
| साप स्तरको अभिमुखीकरण (संस्थागत विकास) | २१३ | ३८३४ | ९१४ | ४७४८ |
| समन्वय/संजाल स्थापना/माग पत्र पेस/लबिङ भ्रमण | १ | २१ | १० | ३१ |
| नागरिक तथा राजनितिक अधिकार पूर्तिका लागि जनचेतना अभियान | ६१ | ११२४ | ३०० | १४२४ |
| सहभागितामूलक योजना निर्माण, स्रोत मापन तथा मुद्दाहरूको पहिचान, प्राथामिकीकरण | ३० | ४४७ | १११ | ५५८ |
| अन्तरजातीय मिलान/द्वन्द्व व्यवस्थापन कार्य | ३६ | ७९७ | १७३ | ८९० |
| शान्ति र सद्भावना सम्बन्धि कार्यक्रम | ५ | १७१ | ३२ | २०३ |
| स्रोतसाधन र अधिकारमा दाबी | ५ | ५६ | ३२ | ८९ |

सम्पर्कका लागि ठेगाना:
**समग्र विकास सेवा केन्द्र**, हस्पिटल मार्ग, चाबहिल, पो.व. नं. - १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np, वेभसाइट: www.samagra-nepal.org